मिति २०७८ असार २ गते बुधबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन राष्ट्रिय परिषद्को

छैठौं बैठकका निर्णयहरु

निर्णय नं. १:- विपद्को विद्यमान क्षतिको समीक्षाका साथ क्षतिप्रति गम्भीर दु:ख व्यक्त गर्दै विपद्को घट्नाबाट सिन्धुपाल्चोक लगायतका जिल्लाहरुमा मृत्यु भएकाहरुप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्ने, घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामनाका साथै नि:शुल्क उपचारको व्यवस्था मिलाउने ।

निर्णय नं. २:- हालसम्म विपद्को प्रतिकार्य, उद्धार तथा राहतका कामहरुमा अहोरात्र खटिनु हुने तीन वटै सुरक्षा निकाय, राष्ट्रसेवक कर्मचारी, परोपकारी संघसंस्था, स्वयंसेवक, जनप्रतिनिधि हरुको योगदानको प्रशंसा गर्दै वहाँहरुप्रति धन्यवाद व्यक्त गर्ने । उद्धार तथा राहतका कामहरुलाई समन्वयात्मकरुपले थप प्रभावकारी बनाउने ।

निर्णय नं. ३:- स्थानीयरुपमा प्रयोग गरिंदै आईरहेको स्रोत साधनलाई प्रयोग गर्दै रणनीतिक स्थानहरुमा जनशक्ति तथा खाद्यान्न, लत्ता कपडाहरु लगायतका सामग्रीहरुको तत्काल उपयोगमा ल्याउन सकिने गरी थप व्यवस्था गर्ने।

निर्णय नं. ४:- कोभिड-१९ को सम्भावित संक्रमण तथा सम्भावित महामारीप्रति संवेदनशील भएर पूर्वतयारी तथा प्रतिकार्य गर्ने । प्रतिकार्य, राहत तथा उद्धारका कार्यहरु गर्दा ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति, गर्भवती महिलाहरुलाई प्राथमिकता दिने । साथै मानवीय स्वास्थ्यलाई मध्यनजर गर्दै अति आवश्यक वस्तुहरु पानी, औषधी तथा खाद्यान्नको गुणस्तर एवम् सहज उपलब्धतामा ध्यान दिने ।

निर्णय नं. ५:- मनसुनको प्रभावको कारण तराई क्षेत्रमा हुनसक्ने बाढी, डुबानलाई दृष्टिगत गरेर आवश्यक तयारी गर्ने र समग्र क्रियाकलापहरुका लागि सबै मन्त्रालय तथा सुरक्षा निकायहरु, जनप्रतिनिधिहरु, परोपकारी संस्थाहरुको प्रयासलाई थप समन्वयात्मक र प्रभावकारी बनाउन निर्देशन दिने ।

निर्णय नं. ६:- पछिल्लो चरणमा सुरु गरेका विपद् पछिको पुनर्निर्माण तथा पुनर्स्थापनाको कामलाई थप तदारुकताका साथ अगाडि लैजान र विकास निर्माणको कार्यहरु गर्दा सम्पूर्ण निकायहरुले विपद् जोखिम संवेदनशील भएर कार्य गर्ने गराउने ।

निर्णय नं. ७:- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुखहरुले संयुक्त रुपमा यस राष्ट्रिय परिषद लगायतका विपद् व्यवस्थापनसँग सम्बन्धित संरचना तथा निकायहरु को काम कर्तव्य र अधिकार तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा हालसम्म भएगरेका निर्णयहरु, कार्यहरु लगायतका विषयमा सबै माननीय मन्त्रीज्यूहरुलाई जानकारी गराउने ।

सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन राष्ट्रिय परिषद